स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सू.नं. :

## विद्यालय दिवा खाजा कार्यक्रममा खाद्यन्न आपूर्ति सम्बन्धि सूचना।

सूचना प्रकाशित मिति : २०८०/०३/२६

स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवा खाजा (**Home Grown School Feeding – HGSF**) कार्यक्रम परियोजना अन्तर्गत यस गाउँपालिका भित्र सञ्चालित कृषि सहकारी, कृषक समूह तथा कृषि फर्महरुले उत्पादित कृषि उपजहरु विद्यालय दिवा खाजाको तालिका अनुसार विद्यालयहरुमा नियमित आपूर्ति गर्ने गरी सम्झौता गर्ने तथा विद्यालयहरुमा अध्यनरत बालबालिकाहरुलाई पोषणयुक्त र स्वस्थकर दिवा खाजा खुवाउने लक्ष्य रहेको हुँदा यस गाउँपालिका भित्रका ईच्छुक कृषि सहकारी, कृषक समूह तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस गाउँपालिकाको कृषि शाखामा तपसिल अनुसारको कागजातसहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

(१) गाउँपालिकामा दर्ता तथा नविकरण भएका प्रमाणपत्रको प्रतिलिपी ।

(२) जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र।

(३) सहकारी/समूह/फर्मको हकमा निर्णाय प्रतिलिपी।

(४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(५) सम्बन्धित कार्यक्रमको प्रस्तावना सहितको निवेदन।

(पुनश्चः विद्यालय दिवा खाजा कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकताको कार्यक्रम हो भने यसलाई प्रविधिक सहयोग विश्व खाद्य कार्यक्रम (**WFP**) ले गर्दै आएको छ।)

०८०/३/२६

राजुभाइ श्रेष्ठ

बरिष्ठ शाखा अधिकृत

E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np